गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichok, Gorkha

प. सं. (Dispatch No.) ०७५/०७६
च. नं. (Ref. No.) १०२५

गण्डकी प्रदेश, नेपाल
मिति (Date) २०७६/२/२१

श्री वडा कार्यालयहरु,
१-८ नं. वडा
गण्डकी गाउँपालिका, गोरखा ।

**विषयः कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) का लागि आयोजना प्रश्ताव गर्ने सम्बन्धमा**

प्रस्तुत सन्दर्भमा रोजगारीको हकसम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ वमोजिम न्यूनतम रोजगारीमा संलग्न हुनका लागि वरोजगार व्यक्तिहरुवाट निवेदनहरु प्राप्त भैसकेको व्यहोरा त अवगत नै छ । सूचिकृत वेरोजगार व्यक्तिहरुलाई सार्वजनिक क्षेत्र आयोजनाहरु सञ्चालन गरि रोजगारीको अवसर सृजना गर्न नेपाल सरकारवाट अनुदान प्राप्त भएको सन्दर्भमा यसै साथ संलग्न **"कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६"** लाई आधार मानी ५ लाख सम्मको आयोजना २०७६ जेठ २६ गते १२ वजे सम्ममा उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

..............................
उदय प्रसाद अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

# कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६


नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं

२०७६ बैसाख

# कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

स्वीकृत मितिः २०७६/०१/२२

**प्रस्तावना :**

स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिक ढाँचामा रोजगार आयोजना सञ्चालन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "कामका लागि पारिश्रमिकमा आधारित समुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(च) "बेरोजगार व्यक्ति" भन्नाले ऐनको दफा २ को खण्ड (ङ) बमोजिमको बेरोजगार व्यक्ति सम्झनु पर्दछ ।

(छ) "रोजगार आयोजना" भन्नाले निर्देशिकाको दफा (२) को खण्ड (ज) बमोजिमको आयोजना सम्झनु पर्छ ।

(ज) "रोजगार सेवा केन्द्र" भन्नाले ऐनको दफा १० बमोजिमको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

(झ) "रोजगार संयोजक" भन्नाले नियमावलीको नियम ५ बमोजिमको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "लक्षित वर्ग" भन्नाले रोजगार सेवा केन्द्रमा सूचिकृत निर्देशिकाको दफा (२) को खण्ड (च) बमोजिमका बेरोजगार व्यक्ति तथा निजको परिवार सम्झनु पर्दछ ।

(ट) "लाभग्राही परिचयपत्र" भन्नाले निर्देशिकाको दफा (२) को खण्ड (ट) बमोजिम बेरोजगारले पाउने परिचय पत्र सम्झनु पर्दछ ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

(ड) "समुदाय" भन्नाले टोल, गाँउ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह या समाजलाई सम्झनु पर्दछ ।

(ढ) "समुदाय स्तरको आयोजना" भन्नाले समूदायस्तरमा सञ्चालन हुने श्रम-प्रधान सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## रोजगार आयोजना

३. **रोजगार आयोजनाको ढाँचाः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम यस कार्यक्रमको प्रयोजनको लागि देहायका ढाँचामा यस कार्यविधिको दफा ९ अनुसारका श्रममूलक आयोजना सञ्चालन गर्न सक्नेछन् :

क) 'कामका लागि पारिश्रमिक (Cash for Work)' : सूचिकृत बेरोजगार व्यक्तिहरुलाइ पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनामा संलग्न गराई ज्याला वापतको रकम नगदै भुक्तानी गर्ने गरी तर्जुमा र कार्यान्वयन गरिएको अल्पकालीन रोजगार कार्यक्रम ।

(ख) 'श्रमिकको ज्याला रकममा साझेदारी (Labour Wage Sharing)' : सार्वजनिक क्षेत्रबाट कार्यान्वयनमा रहेका आयोजनाहरुमा श्रमिकको ज्याला वापतको रकम भुक्तानीमा यस कार्यक्रमबाट पूर्ण वा आंशिक योगदान गर्ने गरी सूचिकृत बेरोजगारहरुलाई ज्याला वापतको रकम नगदै वितरण गर्ने गरी तर्जुमा र कार्यान्वयन गरिएको अल्पकालीन रोजगार कार्यक्रम ।

(ग) यस कार्यविधि बमोजिम कामका लागि पारिश्रमिक प्रदान गर्ने प्रयोजनका लागि सञ्चालन गरिने आयोजनामा डोजर, एक्काभेटर, लोडर लयायतका सवै प्रकारका हेवी मेसिन, यन्त्र वा उपकरण प्रयोग गर्न पाईने छैन ।

४. स्थानीय तहले दफा ३ बमोजिमको रोजगार आयोजना सञ्चालन गर्न यसै कार्यविधिको दफा १३ बमोजिमको श्रमिक समूह मार्फत वा एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी सिधै वार्ताबाट आयोजनाको ज्याला वापतको रकम श्रमिकलाई सोझै भुक्तानी हुने गरी अमानतबाट गराउन सक्नेछ ।

५. दफा ३ को खण्ड (क) बमोजिमका 'कामका लागि पारिश्रमिक' आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा ६८ अनुसार आयोजनाको कूल लागतको कम्तिमा सत्तरी प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च गर्नु पर्नेछ ।

६. दफा ३ को खण्ड (ख) बमोजिमको 'श्रमिकको ज्याला रकममा साझेदारी' आयोजना सञ्चालन गर्दा देहायका शर्तहरुको अधिनमा रही गर्नु पर्नेछ :

(क) अनुदान रकम रोजगार सेवा केन्द्रबाट खटिएका श्रमिकको ज्यालामा मात्रै भुक्तानी गर्नु पर्नेछ ।

(ख) यस प्रकारको आयोजना सञ्चालन गर्दा स्थानीय तहले खण्ड (क) बमोजिम हुने कुल खर्चको एक प्रतिशत बराबरको कन्टिन्जेन्सी रकम आयोजनाको व्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित कामका लागि वाहेक अन्य कुनै पनि प्रयोजनमा अनुदान रकम खर्च गर्न पाईनेछैन ।

७. स्थानीय तहले नेपाल सरकार वा प्रदेश सरकारबाट यस कार्यक्रमका लागि प्राप्त अनुदानमा आफ्नो आन्तरिक बजेट थप गरी दफा ५ र ६ बमोजिमका शर्तहरुको अधीनमा रहेर थप रोजगारी दिने गरी आयोजना सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ३

## आयोजना सञ्चालन

८. **आयोजना छनौटः** (१) आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजनाहरुको सूचीबाट छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना उपलब्ध नभएको अवस्थामा सम्बन्धित वडाले दफा ९ बमोजिमका क्षेत्रभित्र पर्ने गरी सम्बन्धित समुदायको संलग्नतामा स्थानीय आवश्यकता र प्राथमिकता अनुसारका आयोजना गाउँपालिका वा नगरपालिकामा शिफारिस गरी पठाउनु पर्नेछ । यसरी प्राप्त आयोजनाहरुको गाउँपालिका वा नगरपालिकाले उपयुक्तताको मूल्यांकन गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले आयोजनाको उपयुक्तता मूल्यांकन गरी प्राथमिकता निर्धारण गर्दा देहायका आधारहरु अनुसार गर्नेछ :

क) भौगोलिक विकटता,

ख) गरिबीको स्तर,

ग) विकास निर्माणका अन्य क्रियाकलापहरुको अवस्था,

घ) प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्र,

ङ) बेरोजगारहरुको संख्या, र

च) गाउँ/नगर कार्यपालिकाले प्राथमिकीकरण गरेको क्षेत्र ।

(४) यस दफा बमोजिम छनौट गरिने एक आयोजनाको लागत अधिकतम रु. ५ लाख भन्दा बढीको हुने छैन् ।

९) **आयोजनाका प्रकार**: दफा ३ बमोजिम आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिई कार्य सञ्चालन गर्नु पर्नेछ :

(क) सडक निर्माण तथा मर्मत

- स्थानीय तहका सडकहरुको नियमित मर्मत सम्भार,
- स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि हाल संचालनमा रहेको कुलो, पैनी वा पोखरीको मर्मत सम्भार तथा स्तरोन्नती,
- पोखरी तथा पानीको मूल संरक्षण,

- सामूहिक फलफुल खेती,
- सार्वजनिक स्थलमा फलफुल बगैचा निर्माण,
- कृषि तथा पशूपंक्षी उत्पादनको भण्डारण तथा विक्रि वितरणका लागि आवश्यक पर्ने शीत भण्डार, हाट बजार, तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत सम्भार ।

(ग) ग्रामीण खानेपानी

- खानेपानीको मूल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(घ) स्वास्थ्य तथा सरसरफाई

- स्वास्थ्य चौकी तथा प्रसुति गृह भवन निर्माण तथा मर्मत सम्भार,
- सार्वजनिक सौचालय निर्माण तथा स्तरोन्नति,
- फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई ।

(ङ) शिक्षा

- विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदि पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार,
- सार्वजनिक खेलकुद मैदान निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(च) वन तथा जलाधार

- बृक्षारोपण तथा फलफूलको विरुवा रोपण तथा संरक्षण,
- जलाधार संरक्षण तथा भूक्षय रोकथाम,
- पहिरो तथा नदी नियन्त्रण,
- साना बाँध निर्माण ,
- स्थानीय पार्क निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार,
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा हुने सेड तथा चौतारो निर्माण,
- पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण ।

(ज) स्थानीय आवश्यकता अनुसारका अन्य श्रमप्रधान आयोजनाहरु ।

१०) **प्राविधिक अध्ययन** : रोजगार आयोजना सञ्चालन गर्न पूर्व सम्बन्धित स्थानीय तहबाट प्राविधिक कर्मचारी खटाई आयोजनाको प्राविधिक (डिजाईन, इष्टिमेट) प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनका आधारमा अनुसूची १ बमोजिमको लागत अनुमान फाराम समेत भरी गाउँपालिका वा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

११) **उपलब्ध गराउन सकिने रोजगारीको विवरण तयार गर्नु पर्ने:** निर्देशिकाको दफा २५ बमोजिम गठन हुने सबै श्रमिक समूहलाई बराबर दिनको रोजगारी उपलव्ध गराउने प्रयोजनको लागि आयोजनामा सिर्जना हुने कुल रोजगारी दिनका आधारमा प्रत्येक समूहहरुलाई उपलव्ध हुन सक्ने रोजगारीको दिन समेत अनुमान (ईष्टिमेट) गरी यस कार्यविधिको दफा १० बमोजिमको प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद ४

## आयोजना सञ्चालन

१२) **निर्देशन तथा समन्वय**: १) स्थानीय स्तरमा आयोजनाको कार्यान्वयन, समन्वय, अनुगमन, निर्देशन र संयोजन नियमावलीको नियम १४ बमोजिमको स्थानीय निर्देशक समितिले गर्नेछ ।

२) वडाभित्र सञ्चालन हुने रोजगार आयोजनाको सहजिकरण, समन्वय, अनुगमन र निर्देशन सम्बन्धित वडा समितिले गर्नेछ ।

१३) **श्रमिक समूह गठन सम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले यस कार्यविधि बमोजिम सञ्चालन हुने रोजगार आयोजनामा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट निर्देशिकाको दफा २१ को उपदफा (३) बमोजिमको प्राथमिकताक्रमका आधारमा काममा खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका काममा खटाउदा स्थानीय तहले निर्देशिकाको दफा २५ को उपदफा (१) बमोजिमको श्रमिक समूह गठन गरी काममा खटाउनु पर्नेछ ।

(३) स्थानीय तहले उपदफा (२) बमोजिमको श्रमिक समूहबाट निर्देशिकाको दफा २५ को उपदफा (२) बमोजिम एक जना समूह नेता छनौट गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समूह नेताको जिम्मेवारी काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समूहका सदस्यहरुको काममा खटेको दिनको दैनिक हाजिरी गराई अभिलेख राख्ने ।

(ख) खण्ड (क) बमोजिमको हाजिरी अभिलेख सम्बन्धित वडाको वडा अध्यक्षबाट सिफारिस गराई रोजगार सेवा केन्द्रमा बुझाउने ।

(ग) आयोजना कार्यान्वयनमा समूहका सदस्यहरुबीच आवश्यक सहजिकरण गर्ने र समन्वय गर्ने,

(घ) आयोजनाको प्राविधिक प्रतिवेदन तर्जुमा गर्न आवश्यक सूचना दिने तथा सहजिकरण गर्ने,

(ङ) समुहका सदस्यको रोजगारी वापतको पारिश्रमिक रकम स्थानीय तहबाट बैंक खातामा सिधै भुक्तानी दिन सहजिकरण गर्ने,

तर निर्देशिकाको दफा २८ को उपदफा (२) बमोजिम बैंक खातामा मार्फत भुक्तानी दिन सम्भव नभएको विशेष अवस्थामा स्थानीय तहले सम्बन्धित श्रमिकलाई पारिश्रमिक वापतको रकम भरपाई गराई नगदै उपलव्ध गराउन सक्नेछ ।

(५) यस दफा बमोजिम गठन हुने श्रमिक समूहले आयोजना सञ्चालन गर्दा आयोजनाको लागतमा कुनै पनि वित्तीय वा अन्य योगदान गर्नु पर्ने छैन ।

१४) **आयोजनाको व्यवस्थापन**: (१) सामान्यतया एउटा आयोजना एउटा वडा भित्र मात्रै सञ्चालन गर्नुपर्नेछ ।

(२) रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु दफा १० बमोजिमको प्राविधिक प्रतिवेदनको आधारमा स्थानीय तहले खरिद गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) दपदफा (२) बमोजिम निर्माण सामाग्री खरिद गर्दा सो को लागि लाग्ने लागत आयोजनाको कूल बजेटको २५ प्रतिशत भन्दा नबढ्ने गरी खरिद गर्नु पर्नेछ ।

१५. **आयोजनाको अनुगमन, मूल्याङ्कन**: १) आयोजनाको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन निर्देशिकाको दफा ७३ बमोजिम गर्नु पर्नेछ ।

(२) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानीय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

(३) स्थानीय तहले आवश्यकता अनुसार यस कार्यक्रम अन्तर्गतका आयोजनाहरुको सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्न कार्य शर्त तोकी एक जना रा.प. अनं. द्वितीय श्रेणी सरहको सहायक स्तरको कर्मचारी (सुपरभाईजर) आयोजना अवधिभरका लागि करारमा राखी काम लगाउन सक्नेछ । यस प्रकारको कर्मचारीको पारिश्रमिक ओजनामा विनियोजित बजेट मध्ये श्रमिकको ज्याला वापत भुक्तानी गरिने सत्तरी प्रतिशत रकमलाई नघट्ने गरी आयोजनाकै खर्चबाट बेहोर्ने गरी दफा १० बमोजिमको ईष्टिमेटमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद ५

## बजेट व्यवस्थापन

१६. **बजेट विनियोजनको आधार**: (१) यस कार्यक्रमको लागि स्थानीय तहलाई उपलब्ध गराइने बजेट मन्त्रालयले सशर्त पूँजीगत अनुदानका रुपमा अर्थ मन्त्रालय मार्फत प्रत्येक स्थानीय तहलाई अख्तियारी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट उपलब्ध गराउँदा देहायका अंकभारका आधारमा गराउनु पर्नेछः

(क) गरिब घरधूरी संख्याको अंकभार - ६० प्रतिशत

(ख) जनसंख्याको अंकभार - २० प्रतिशत

(ग) दुर्गमताको अंकभार - २० प्रतिशत

तर प्रत्येक स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउँदा न्यूनतम तीन लाखमा नघटाई र अधिकतम १ करोडमा नबढाई उपलव्ध गराईनेछ ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिम प्राप्त भएको सशर्त अनुदान रकमको छुट्टै हिसाव देखिने गरी खाता सञ्चालन गर्नु पर्नेछ ।

(४) यस कार्यविधि अन्तरर्गत सञ्चालन हुने रोजगार आयोजनामा आवश्यक पर्ने औजारहरु सम्बन्धित स्थानीय तहले खरिद गर्न सक्नेछ । तर यस्तो खरिदको रकम आयोजनाको कूल बजेटको ३ प्रतिशत भन्दा बढि हुने छैन । यस्ता औजारहरु स्थानीय तहले मागका आधारमा खरिद गरी श्रमिक समूहलाई उपलव्ध गराउनेछ ।

(५) श्रमिकको काम वापतको पारिश्रमिक निर्धारण र भुक्तानी निर्देशिकाको दफा २७ बमोजिम हुनेछ ।

(६) स्थानीय तहहरुले श्रमिकहरुको ज्याला आयोजनाको प्राविधिक प्रतिवेदन (काम गर्नु पूर्वको अवस्थाको फोटो तथा कार्य सम्पन्न पश्चातको फोटो सहितको) को आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(७) श्रमिकहरुको ज्यालाको अन्तिम भुक्तानी प्राविधिक कर्मचारीले कार्य सम्पन्न प्रतिवेदन र सम्बन्धित वडा अध्यक्षको शिफारीसको आधारमा गर्नुपर्नेछ ।

(८) रोजगार संयोजकले पारिश्रमिक भुक्तानी दिएको सात दिन भित्र रोजगारी प्रदान गरेको दिन र सो बापत भुक्तानी भएको पारिश्रमिकको यथार्थ विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

(९) रोजगार सेवा केन्द्रले रोजगार आयोजनाहरुको प्रगति प्रतिवेदन निर्देशिकाको दफा ७३ अनुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

१७. **खर्च व्यवस्थापन प्रक्रिया** : १) रोजगार आयोजना सञ्चालन गर्ने स्थानीय तहले आर्थिक प्रशासन नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

२) यस कार्यविधि बमोजिम सशर्त अनुदानका रुपमा पठाईने रकमको खर्चको पारदर्शिता कायम गर्ने, लेखांकन गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने र प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

३) स्थानीय तहले आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१८. **आयोजनाको भुक्तानी सम्बन्धी अन्य व्यवस्था** : श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार स्थानीय तहले निर्देशिकाको दफा २७ को उपदफा (२) बमोजिम श्रमिकको ज्याला भुक्तानी गर्नु पर्नेछ । प्राविधिक कर्मचारीले उपलव्ध गराएको कार्यप्रगति अनुरुप नभएको अवस्थामा स्थानीय तहले आंशिक भुक्तानीको लागि शिफारीस गर्न सक्नेछ ।

१९. **खर्चमा बन्देज** : यस कार्यविधि बमोजिम स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदान रकमबाट देहाय बमोजिमको खर्च गर्न पाईनेछैन :

(क) रोजगार सेवा केन्द्रले खटाएको श्रमिकलाई प्रदान गरिने पारिश्रमिक वाहेक अन्य श्रमिकको ज्यालामा खर्च गर्न,

(ख) कुनै पनि प्रयोजनको आर्थिक सहायता तथा चन्दा प्रदान गर्न,

(ग) तोकिएको सिमाभन्दा बढी कन्टिन्जेन्सी खर्च गर्न,

(घ) अन्य कार्यक्रममा भुक्तानी गर्न ।

२०. **तेश्रो पक्षको संलग्नतामा बन्देज**: रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि कार्यहरु ठेक्कापट्टा या तेश्रो पक्ष नियुक्त गरी काम लगाउन पाउने छैन ।

२२. **कसुर र सजाय**: रोजगार कार्यक्रम सञ्चालन गर्दा तोकिए बमोजिम नभएमा या तोकिए अनुसार भुक्तानी नभएको खण्डमा ऐनको दफा २५ बमोजिम कसूर गरेको मानिने र सोही ऐनको दफा २६ अनुसार एवम् अन्य प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२३. **पारदर्शिता र उत्तरदायित्व**: रोजगार आयोजना सञ्चालन गर्दा निर्देशिकाको परिच्छेद १३ अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

२४. **रोजगार व्यवस्थापन सूचना प्रणाली** : प्रत्येक स्थानीय तहमा संचालन हुने रोजगार व्यवस्थापन सूचना प्रणालीमा यस कार्यविधि बमोजिम संचालन हुने रोजगार आयोजनाको लागत तथा खर्चको विवरण लगायत श्रमिकको रोजगारीको दिन र भुक्तानीको विवरण अद्यावधिक राख्नु पर्नेछ ।

२५. **कार्यविधि बमोजिम हुने** : रोजगार आयोजनाहरु संचालन र व्यवस्थापनका सम्बन्धमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा उल्लेख भएका सबै विषयहरु यस कार्यक्रमको हकमा समेत लागू हुनेछन् । सो बाहेकका विषयहरुको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

२६. **थपघट वा हेरफेर तथा वाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने** : मन्त्रालयले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची १

(दफा १० सँग सम्बन्धित)

# रोजगार आयोजनाको लागत अनुमान

| क.सं. | खर्च हुने विषय | लागत अनुमान र साझेदारी | | | |
|---|---|---|---|---|---|
| | | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रदेश | स्थानीय तह | कूल जम्मा |
| १ | वाह्य सामाग्रीको खरिद (अधिकतम २५ प्रतिशत) | | | | |
| २ | श्रमिकको ज्यालामा खर्च हुने रकम (कम्तिमा ७० प्रतिशत) | | | | |
| ३ | आयोजना सुपरभाईजरको खर्च (दफा १५ को उपदफा (३) बमोजिमको कर्मचारी) | | | | |
| ४ | आयोजना व्यवस्थापन खर्च | | | | |
| ५ | कन्टिन्जेन्सी (अधिकतम १ प्रतिशत) | | | | |
| **जम्मा** | | | | | |